# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जैमरे, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

मो: ९८४७८२३६००६
Website- www.mandavimun.gov.np
E-mail { info@mandavimun.gov.np
mandavimun2073@gmail.com


प.स २०७९/०८०
च.नं:

## बेरोजगार व्यक्ति सुचीमा सुचिकृत दर्ताका लागि निवेदन दिने सम्बन्धी सुचना।

### सुचना प्रकाशित मिति २०७९/१०/२४

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (दोस्रो संशोधन २०७८) को दफा १८ बमोजिम नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत यस माण्डवी गाउँपालिका प्यूठानमा आर्थिक वर्ष २०८०।०८१ को लागि न्युनतम १०० दिनको रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणको काममा योगदान गर्न ईच्छुक बेरोजगार १८ वर्ष पुरा भई ५९ वर्ष उमेर ननाघेका व्यक्तिहरुले मिति २०७९ फागुन १ गते देखि फागुन ३० गतेभित्र आफु स्थायी बसोबास गरेको वडा कार्यालयमा गई बेरोजगार व्यक्तिको सुचीमा सुचीकृत दर्ताका लागि निवेदन दिनुहुनको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै निवेदन दिने व्यक्तिले फारममा उल्लेखित सबै विवरण पुर्ण रुपमा अनिवार्य भर्नुपर्नेछ र तोकिएका आवश्यक कागजातहरु पनि अनिवार्य पेश गर्नुपर्नेछ यसो नगरिएको पाईएमा वा देखिएमा उक्त निवेदनहरु रद्ध गरिने समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

**निवेदकको लागि आवश्यक कागजातहरु**

१.निवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिपिली १ प्रति
२. हालसालै खिचेको पासपोर्ट साइजको फोटा १ प्रति
३. परिवार सदस्यहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपी १-१ प्रति
४. स्थायी ठेगाना प्रमाणपत्र नभएकाहरुको हकमा बसाईसराई गरेको वा विवाह दर्ताको प्रमाणपत्रको प्रतिलिपी १ प्रति
५. कुनै सीपमुलक तालिम लिएको भए उक्त तालिम लिएको प्रमाणपत्रको प्रतिलिपी १ प्रति

**नोट : बेरोजगारी दर्ता निवेदन फारम सम्बन्धित वडा कार्यालयमा उपलब्ध हुनेछ।**

१०/२४

प्रकाश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

थप जानकारीको लागि : ९८४९६६४६८९ मा कार्यालय समयभित्र मात्र सम्पर्क गर्नुहोला।